म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८३ सोमबार १ फागुन २०७९ ने. सं. ११४३ सिल्लाथ्व 13 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बेहोस भएर ढलेका कृष्णको मृत्यु

हेटौंडा, १ फागुन/ बेहोस भएर ढलेको अवस्थामा भेटिएका हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ कुनाटोल घर भएका एक वृद्धको मृत्यु भएको छ । ६३ वर्षीय कृष्णबहादुर सुनारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार यही माघ २९ गते आइतबार हेटौंडा-४ कान्तिराजपथस्थित ओम भवननजिक सडक पेटीमा पैदल हिँडिरहेका सुनार अचानक ढलेका थिए । नाक र कानबाट रगत बगिरहेको अवस्थमा उनको तत्काल उद्धार गरी हेटौंडा अस्पताल लगिएको थियो । सुनारको टाउकोमा रगत जमेको र उपचार गरेपनि ७ दिनमात्र बाच्ने डाक्टरले जानकारी गराएपछि आफन्तले घर लगेका थिए । उनको घरमा ल्याएको करिब तीन घण्टापछि मृत्यु भएको प्रहरीले जनाएको छ ।

### हेटौंडा उपमहानगरले मनायो ५४ औं स्थापना दिवस

# 'सडक बिस्तार अपरिहार्य'

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ हेटौंडा उपमहानगरपालिका कार्यालयले सोमबार ५४ औं स्थापना दिवस औपचारिक कार्यक्रम गर्दै मनाएको छ । उपमहानगरले आफ्नो स्थापना दिवसलाई पहिलोपटक औपचारिक रुपमा मनाएको हो ।

हेटौंडा २०२६ सालमा गठन भएको थियो । त्यसयता वि.सं. २०११ र २०१८ सालको पहाडी क्षेत्रमा गएको बाढी पहिरो, त्रिभुवन राजपथ र पूर्वपश्चिम राजमार्गको निर्माण, भित्री मधेशको प्रमुख समस्या रहेको औलो उन्मुलन, हेटौंडा औद्योगिक क्षेत्रको स्थापनाको पृष्ठभूमिबाट शहरीकरण बढ्दै गएपछि ०२६ सालमा हेटौंडा नगर पञ्चायत गठन भएको थियो । तत्कालीन नगर पञ्चायत विगतमा मध्यमाञ्चल क्षेत्रको सदरमुकाम र राज्य पुनर्संरचनासँगै बनेको संघीयतामा बागमती प्रदेशको राजधानी हुन पुगेको छ ।

नगरपालिका गठनको सम्झनालाई उपमहानगरपालिकाले सोमबार कार्यक्रम गरी मनाएको हो । स्थापना दिवस कार्यक्रमको प्रमुख अतिथि बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मा थिए । स्थापना दिवसका अबसरमा उपमहानगरले पूर्वनगर प्रमुखदेखि नगर प्रहरीसम्मका २३ जनालाई सम्मान गरेको छ । हेटौंडा उपमहानगरपालिकाले आफ्नो स्थापना दिवस पारेर उपमहानगरलाई अहिलेसम्मको अवस्थामा पुऱ्याउने पूर्वजनप्रतिनिधिदेखि हेटौंडाको विकासमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका २३ जनालाई सम्मान गरेको हो । उपमहानगरको ५४ औं स्थापना दिवसमा आयोजित कार्यक्रममा उपमहानगरका पहिलो प्रमुख हरि बहादुर महत, तत्कालीन हेटौंडा नगरपालिकाका २ पटकका नगर प्रमुख डोरमणि पौडेल र निरशंकर श्रेष्ठलाई सम्मान गरिएको हो ।



नगरपालिकाको स्थापनादेखि नगरको विकास र जनमानसबीच नगरलाई पुऱ्याउन भूमिका निर्वाह गरेको भन्दै सम्मान गरिएको उपमहानगरले जनाएको छ । त्यस्तै हेटौंडा नगरपालिकाका संस्थापक नगर प्रमुख बासुदेव रिजाललाई मरणोप्रान्त सम्मान प्रदान गरिएको छ । स्थापना दिवस पारेर उपमहानगरले नगरको विकासमा योगदान पुऱ्याएको मूल्याङ्कन गर्दै पत्रकारिता क्षेत्रतर्फ गोरखापत्र दैनिकका बागमती प्रदेश प्रमुख राममणि दाहाल, शिक्षातर्फ डेन्टीजंग शाह, वातावरणतर्फ श्यामप्रसाद श्रेष्ठ, खेलकुदतर्फ फुटबलकी पेमा डोल्मा लामा, सामाजिक क्षेत्रतर्फ चन्द्रबहादुर घलान, हिरादेवी दाहाल, साहित्यतर्फ तुल्सी थापा, स्वास्थ्यतर्फ वेला तुलाधर बैध, धार्मिकतर्फ ईश्वरी प्रसाद न्यौपाने, इतिहास खोजकर्तातर्फ केदारप्रसाद न्यौपाने र शिक्षामा पहिलो महिला प्रधानाध्यापक बेली थापालाई सम्मान गरिएको हो ।

उपमहानगरले २०२६ सालमा तत्कालीन नगरपञ्चायतको पहिलो माइन्यूटमा हस्ताक्षर गर्ने पुष्पहरि जोशी, गोपाल शर्मा, निर शंकर श्रेष्ठ, लक्ष्मी नेपालीलाई सम्मान गरेको छ । तत्कालीन हेटौंडा क्षेत्र पञ्चायतका प्रधानपञ्च बुद्धिलाल राजथलालाई मरणोप्रान्त सम्मान गरिएको थियो । तत्कालीन उपप्रधानपञ्च तिलकप्रसाद दुलाल, शम्भुप्रसाद भट्टराईलाई सम्मान गरिएको छ । उपमहानगरले भीमफेदीमा रहेको जिल्ला सदर मुकामलाई हेटौंडा ल्याउन महत्वपूर्ण भूमिका खेलेको भन्दै तत्कालीन मकवानपुर जिल्ला पञ्चायतका पहिलो महिला सभापति ओमुटेम्पा लामालाई सम्मान गरिएको थियो ।

५४ औं स्थापना दिवसमा बागमती प्रदेशका प्रदेश प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथि यादवचन्द्र शर्मा, हेटौंडा उपमहानगरका प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले सम्मानपत्र हस्तान्तरण गरेका थिए । स्थापना दिवस पारेर हेटौंडा उपमहानगरपालिकामा कार्यरत २५ वर्ष सेवा अवधि पूरा गरेका ३८ कर्मचारीलाई दीर्घसेवा पदक, नगद २५ हजार राशिसहित बारुण यन्त्र र नगर प्रहरीका ९ जनालाई कर्तव्यनिष्ट र ९ जना उत्कृष्ठ कर्मचारीलाई नगद ७५ हजार रुपियाँसहित सम्मान गरिएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

स्थापना दिवस पारेर हेटौंडा नगरपञ्चायतका पहिलो नगर प्रमुख स्वर्गीय बासुदेव रिजालको संगमचोकमा रहेको अर्धकदको प्रतिमा उपमहानगरको प्राङ्गणमा स्थानान्तरण गरी अनावरण गरिएको छ । नगर प्राङ्गणमा स्थापना गरिएको अर्धकदको प्रतिमामा प्रदेश प्रमुख शर्मा, पूर्वनगर प्रमुखहरु पौडेल, महतसहित उपमहानगरका वर्तमान प्रमुख र उपप्रमुखले माल्यार्पण गरेका थिए । स्थापना दिवसमा नगर घण्ट (सिटी बेल) को स्थापना, *हेटौंडा दर्पण* स्मारिकाको बिमोचन र डिजिटल सूचना पाटी स्थापना गरिएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् ।

**स्थापना दिवसमा कसले के भने ?**

स्थापना दिवसको अबसरमा आयोजित कार्यक्रममा अधिकांशले नगरको सुन्दरता र सडक विस्तार आवश्यक रहेको औंल्याएका छन् ।

वक्ताहरुले उपमहानगर द्वारा व्यवस्थित सहर निर्माणका लागि खेलेको भूमिकाको प्रशंसा गर्दै फराकिलो सडक अपरिहार्य रहेको बताएका हुन् । बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले देशको मध्य बिन्दुमा रहेको हेटौंडा उपमहानगरपालिकालाई व्यवस्थित सहरको रुपमा बिकास गर्न सुझाव दिए । शर्माले बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडाको बिकास मोडल देशभर पुग्न आवश्यक रहेको औंल्याएका हुन् । उनले चारै तिरबाट सडक सञ्जालले जोडिएको हेटौंडा आउने र जानेले यहाँको अनुशरण गर्ने भन्दै उनले शहरलाई व्यवस्थित बनाउन जोड दिए ।

२०४८ सालको परिवर्तन पछि नगरको बिकास सुरु भएपनि पर्याप्त विकास हुन नसकेकोतर्फ ध्यान दिन उनले जोड दिए । अहिले पनि बजारका सडक मर्मत हुन नसकेको अवस्थालाई सुधार्न सुझाव दिएका छन् । उनले राजमार्गको बिस्तार र सुधारका कार्यमा ध्यान दिन सबैलाई आव्हान् गरे । पूर्वनगर प्रमुख डोरमणि पौडेलले हेटौंडाले दिने सकारात्मक सन्देश मुलुकको सबै भागमा पुगेको बताए । हरित र सुन्दर सहरको रुपमा रहेको हेटौंडालाई बागमती प्रदेशको राजधानी सहरको रुपमा चिनाउन आवश्यक रहेको बताए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका प्रमुख मिनाकुमारी लामाले नगरको विकासका लागि सबैको भूमिका आवश्यक रहको बताइन् ।

लामाले बजारको सौन्दर्यता बढाउन २५ मिटर बाटो बिस्तार जरुरी रहेको भन्दै यसतर्फ संघ, प्रदेश सरकार र स्थानीय राजनीतिक दलहरु एक मत हुन आवश्यक रहेको बताएकी छन् । उनले पर्याप्त गुणस्तरीय पूर्वाधार सहितको सफा हेटौंडा स्वास्थ्य हेटौंडाको अभियानमार्फत् नगर बासीहरुको सहभागितामा स्वच्छ सृजनशील समृद्ध औद्योगिक नगरको परिकल्पनासहित मुलुककै उत्कृष्ट सहर निर्माणमा सबैको साथ सहयोगको अपेक्षा गरेको बताएकी छन् ।

कार्यक्रममा नेकपा एमाले मकवानपुरका उपाध्यक्ष लालबहादुर थापा, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, मकवानपुर गढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# बागमतीमा आजबाट ७० ल्याए ट्रायल पास हुने

श्रीजना नेपाल

हेटौंडा, १ फागुन/ बागमती प्रदेशमा अब ७० अंक ल्याए सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को ट्रायल पास हुने भएको छ ।

आजबाट बागमती प्रदेशभरि एकैपटक ७० अंक ल्याए सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को ट्रायल पास हुने प्रणाली लागू हुने भएको हो । यसअघि पटक पटक रोकिदै आएको यो प्रणाली अन्तत: आज बुधबारबाट प्रदेशभरि एकैपटक लागू हुने भएको छ ।

बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले मंगलबार बिहान १० बजे यातायात कार्यालय गुर्जुधाराबाट यो प्रणालीको उद्घाटन गर्दै छन् । अन्य प्रदेशमा लागू भइसकेको प्रणाली बागमती प्रदेशमा मात्रै रोक्न नहुने भन्दै मन्त्री श्रेष्ठले मंगलबारदेखि बागमती प्रदेशमा पनि यो प्रणाली लागू गर्ने बताए । सानो त्रुटिमा पनि फेल गराउँदा लाइसेन्स वितरणमा ढिलाइ हुनुको साथै चालकहरुले अवैधानिक रूपमा लाइसेन्स निकाल्ने प्रकरण बढेको उनको भनाइ छ ।

यसअघि सोमबार ७० अंक ल्याए ट्रायल पास हुने प्रणालीको परीक्षण प्रदर्शन गरिएको छ । नयाँ प्रणाली लागु हुनु अघिल्लो दिन सोमबार परीक्षण प्रदर्शन गरिएको हो । यातायात व्यवस्था कार्यालय चाबहिलको ट्रायल सेन्टरमा भएको परीक्षणमा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री श्रेष्ठ, मुख्य सचिव मुकुन्दप्रसाद निरौला लगायतले परीक्षणको अवलोकन गरेका थिए । ट्रायलका बेला हुने सामान्य त्रुटिमा पनि फेल गराउँदा लाइसेन्स वितरणमा ढिलाइ हुनुको साथै चालकहरूले अवैधानिक रूपमा लाइसेन्स निकाल्ने प्रचलन बढेपछि ७० अंक आए पास हुने प्रणाली कार्यान्वयन गर्न लागिएको हो ।



यो प्रणाली लागू भए मोटरसाइकल, स्कुटर तथा मोपेडका लागि कुल अंकभार १०० तोकिएको छ । त्यसमा ७० अंक प्राप्त गर्ने प्रशिक्षार्थी अनुमतिपत्रका लागि योग्य मानिनेछन् । प्रदेश सरकारले तयार पारेको निर्देशिकाअनुसार मोटरसाइकल, स्कुटर र मोपेड चालकका लागि रोमन अंक ८ (एट) को अंकभार २० तोकिएको छ । दुई पटकसम्म अंकित रेखा छोएमा प्रत्येक पटक ५ अंकको दरले १० अंकभार घट्नेछ तर ट्रायल फेल भइँदैन । निर्देशिका अनुसार कार, जिप, डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षामा घुमाउरो ८ (एट) को अंकभार २० तोकिएको छ । दुईपटकसम्म अंकित रेखा छोए प्रत्येक पटक ५ अंकको दरले १० अंकभार घट्नेछ तर ट्रायल फेल भइँदैन। दुईपटकभन्दा बढी अंकित रेखा छोए, सवारीको टायर अंकित रेखाभन्दा बाहिर गए, ठीक दिशाबाट वा ठीक तरिकाबाट ८ आकार नबनाएकोमा वा सवारीको स्टार्ट बन्द भएको अवस्थामा भने अनुत्तीर्ण हुने व्यवस्था गरिएको छ ।

## हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीका सडकखण्ड बन्द

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो दुरीका दुईवटै सडकखण्ड दुई महिनाको लागि बन्द भएको छ ।

हेटौंडाबाट भिमफेदी-कुलेखानी-फाखेल-हुमाने-फर्पिङ हुँदै काठमाडौं जोड्ने सडक र हेटौंडाबाट भिमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-फर्पिङ हुँदै काठमाडौं जोड्ने सडक निर्माण थालिएकाले सोमबारदेखि दुई महिनाको लागि बन्द भएको हो ।

वैकल्पिक सडकको रुपमा कान्तिलोकपथ र थानकोट-चित्लाङ्ग-मार्खु-कुलेखानी-भिमफेदी खण्डबाट यातायात सञ्चालन भइरहेको छ । हेटौंडा-काठमाण्डौ छोटो दूरीको मार्ग अन्तर्गत ठाउँठाउँमा निर्माणका कामहरु भइरहेका छन् ।

यो छोटो दूरीको मार्ग निर्माण गर्नका लागि बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरुले विभिन्न ठाउँमा ठेक्का लगाएर काम भइरहेका छन् ।

यो सडक अन्तर्गत भैंसे-भिमफेदी खण्ड, हेवी कलङ्की-हुमाने खण्ड र हुमाने-फर्पिङ खण्डको सडक र कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली खण्डको निर्माण कार्य भइरहेका छन् ।

## तिनपांग्रे सवारीको समस्या समाधान गर्न ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/राष्ट्रिय प्रजातान्त्रिक यातायात मजदुर संघ नेपाल मकवानपुरले तिनपांग्रे सवारी साधनको समस्या समाधानको लागि हेटौंडा उपमहानगरपालिकाको ध्यानाकर्षण गराएको छ ।

संघले सोमबार उपमहा नगरकी मेयर मीनाकुमारी लामालाई ज्ञापनपत्र बुझाउदै तिनपांग्रे सवारी साधनको समस्या समाधानको लागि ध्याकर्षण गराएको हो । हेटौंडा नगर क्षेत्रमा सञ्चालित तिनपांग्रेस सवारी साधन अटो र मयुरी चालक आवद्ध मजदुरसँग विभिन्न चरणमा भएको वार्ता तथा संवादको विषयमा छलफल गरेपनि हालसम्म श्रमिक मजदुरको समस्या सम्बोधनको लागि पहल नगरेको भन्दै संघले आपत्ति जनाएको छ । संघले २०७६ पुस ६ गते भित्रको अटाचे तथा मयुरीजस्ता सवारी साधनलाई नगरपालिकाको मापदण्ड अनुसार नगर क्षेत्रमा सञ्चालन गर्न दिइने अनुमतिपत्रको पुर्ण व्यवस्था हुने भनिएपनि हालसम्म सहज ढंगबाट उपलब्ध हुन नसकेको जनाएको छ । जसले गर्दा चालक श्रमिक मजदुरलाई सवारी साधन सञ्चालन गरेर जीवन निर्वाह गर्न कठिनाई भइरहेको संघको भनाई छ । त्यसैले संघले मजदुरहरुसँग उपमहानगरलाई गरेको वार्ता, संवाद र सहमतिलाई गम्भिरतापुर्व लिएर समस्या समाधानमा अग्रसर हुन ध्यानाकर्षण गराएको छ ।

# पीपीआर रोगविरुद्धको खोप लगाउन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ बागमती प्रदेशमा सोमबारबाट भेडाबाखालाई पीपीआर रोगविरुद्धको खोप लगाउन सुरु गरिएको छ ।

हरेक वर्षजस्तै बागमती प्रदेश सरकारले मंगलबार फागुन एक गतेबाट सप्ताहव्यापी रुपमा भेडा बाखालाई पीपीआर रोगविरुद्धको खोप लगाउन सुरु गरेको हो । यो अभियान अन्तर्गत बागमतीका २६ लाख १३ हजार २ सय ३२ वटा भेडा बाखालाई पीपीआर रोगविरुद्ध खोप लगाइने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

प्रदेशका ११९ वटै स्थानीय तहमा यो अभियान सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमतीका प्रवक्ता झलकनाथ कँडेलले जानकारी दिए । यस मन्त्रालयले भेडा बाखामा लाग्ने पीपीआर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन गरेको छ । पीपीआर रोगका कारण वर्षेनी धेरै संख्यामा भेडा बाखाको मृत्यु भइ किसानले ठूलो क्षति बेहोर्नु परेकोले हरेक वर्ष सप्ताहव्यापी रुपमा खोप अभियान सञ्चालन गर्दै आएको छ ।

सोमबारदेखि फागुन ७ गतेसम्म प्रदेशका १ सय १९ स्थानीय तहका ९२ हजार ५६१ भेडा र २५ लाख २० हजार ६ सय ७१ वटा बाखा गरी कुल २६ लाख १३ हजार २ सय ३२ वटा भेडा बाखालाई खोप दिइनेछ । संघीय सरकारबाट प्रदेशभर १२ लाख ६९ हजार अर्थात ४९ प्रतिशत खोप उपलब्ध रहेको मन्त्रालयले जानकारी दिएको छ ।

विश्व पशु स्वास्थ्य संगठन र संयुक्त राष्ट्र खाद्य तथा कृषि संगठनले सन् २०३० सम्म पीपीआर रोग उन्मूलन गर्ने लक्ष्य लिएको छ । मन्त्रालयले ब्याउने अवस्थाका र रोगी भेडा बाखालाई पीपीआर खोप दिन नमिल्ने भएकाले स्वस्थ भेडाबाखालाई मात्र यो खोप दिन अनुरोध समेत गरेको छ ।





सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# एकीकृत अटो भिलेज बनाउन अब ढिलाई गर्नु हुँदैन

हेटौंडा बजार क्षेत्रमा छरिएर रहेका अटो मोबाइलसम्बन्धी काम गर्ने व्यवसायीहरुलाई एकै स्थानबाट सेवा दिन सक्ने व्यवस्थासहित एकीकृत अटो भिलेज बनाउने लामो समयदेखिको सपना अब साकार हुने देखिएको छ । बजार क्षेत्रमा कालोमैलो काम गर्ने व्यवसाय छरिएर रहँदा नगरको स्वरुप बिग्रिएको र मुख्य बजार क्षेत्रको सडक पेटीमै सवारी साधनको मर्मतसम्भारको काम गर्दा बजार अस्तव्यस्त रहेको गुनासो आइरहेको अवस्थामा हेटौंडा उपमहानगरपालिकाले अटो मोबाइल व्यवसायीहरुलाई एकै स्थानमा सार्ने जमर्को गरेको हो । धेरै चरणमा अटोमोबाइल व्यवसायीहरुलाई एकै स्थानमा स्थानान्तरण गरी व्यवस्थापन गर्ने तयारी भएपछि उक्त अभियानले सार्थकता पाउन सकेको थिएन । तर, आइतबार हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाले हेटौंडा-११ स्थित नदी उकास क्षेत्रको करिब ३१ विगाह जमिनमा एकीकृत अटो भिलेज बनाउने योजनासहित सिलान्यास गरेपछि उक्त योजनाले सार्थकता पाउने निश्चित भएको हो ।

वि.सं. २०५३ सालदेखि एकीकृत अटो भिलेज निर्माण गर्न अटो मेकानिक्स तथा इन्जिनियरिङ्ग एसोसिएसन मकवानपुरले आवाज उठाउँदै आएपनि उपयुक्त स्थान र समय नआउँदासम्म यसको टुंगो लागेको थिए । २०६२ सालमा तत्कालीन चुरियामाई गाविसलाई गरि एको आग्रहबमोजिम २० विगाह जग्गा उपलब्ध गराउने सिफारिस गाविसले जिल्ला विकास समितिलाई गरेको थियो । उक्त सिफारिस अनुसार जग्गा उपलब्ध गराउन जिल्ला विकास समितिले पनि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरेपनि जिल्ला प्रशासन कार्यालयले चासो नदिँदा एकीकृत अटो भिलेजको अवधारणा लागू हुन सकेको थिएन । बागमती प्रदेशको प्रथम मुख्यमन्त्री डोरमणि पौडेल तत्कालीन हेटौंडाको नगर प्रमुख हुँदादेखि आवाज उठ्दै आएको थियो । पौडेल नै मुख्यमन्त्री हुँदा विनियोजित बजेटबाट राप्ती नदिमा तटबन्धन भएपछि नदि उकास क्षेत्रमा ठूलो क्षेत्रफल जग्गा निस्किएपछि उपमहानगरले एकीकृत अटो भिलेज बनाउन सहज भएको बताइन्छ ।

अटो मोबाइल क्षेत्र छरिएर रहँदा सवारीसाधनका धनीहरुले धेरै दुःख पाउनु परेको छ । बजारमा यत्रतत्र बिग्रिएका गाडी, थोत्रा गाडी, पुराना टायरहरु, मोबिलको कालो छरिएको हुँदा बजार कुरुप पक्कै भएको छ । यसको दीर्घकालीन समाधान भनेको एकीकृत अटो भिलेज नै हो । त्यसैले ढिलै भएपनि एकीकृत अटो भिलेज बनाउने काम सुरुवात भएको छ । अब यसलाई सफल बनाउन व्यवसायीहरु, जिल्लास्थित राजनीतिक दलहरु, सम्बन्धित कार्यालयहरु सक्रिय भएर लाग्नु पर्दछ । यसमा आवश्यक बजेट विनियोजन गर्न हेटौंडा उपमहानगर पालिकाले कन्जुस्याइँ गर्नु हुन्न । व्यवसायीहरुले आफ्नो तर्फबाट हुने योगदान गर्नु पर्दछ । माग गरेको २८ वर्षपछि बन्न लागेको एकीकृत अटो भिलेज बन्न अब चाहिँ ढिला गर्नु हुन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन ३ गते बुधबार १५ फेब्रुअरी २०२३ । दशमी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४४, सूर्यास्त ५:५३।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : ऋण नाश | तुला | : न्यायिक कार्यमा सफलता |
| वृष | : खर्च वृद्धि | वृश्चिक | : कार्यगत उतारचढाव |
| मिथुन | : आफन्तबाट चिन्ता | धनु | : आर्थिक सिद्धि |
| कर्कट | : इष्ट सिद्धि | मकर | : कार्य सिद्धिमा विलम्ब |
| सिंह | : मित्रबर्गबाट धोका | कुम्भ | : परिवारमा कलह |
| कन्या | : सम्पत्ति सम्बन्धी विवाद | मीन | : यात्रामा बाधा |

# मधेस र जनयुद्ध



रोशन जनकपुरी

२००७ सालको राजनीतिक परिवर्तनपछि कम्युनिस्ट शक्तिहरुको संयोजनमा बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी लगायत जिल्लामा स्थानीय सामन्त र जमिन्दारहरुका विरुद्ध जेहाद छेडिएको थियो ।

'रे नही, जी कहो', 'मौंछ उखाड', 'बखारी (भकारी) फोड' र 'बोनी आन्दोलन' जस्ता विविध जनसंघर्ष र आन्दोलनहरुले ००८ सालदेखि ०३६ सालसम्म तराई मधेसका जमिन्दार र सामन्तहरु मात्रै होइन, तत्कालीन सम्पूर्ण राज्यसत्ताको निंद हराम गरिदिएको थियो । यी जनसंघर्ष र आन्दोलनहरु वर्गसंघर्षको विचारमा आधारित संघर्ष थिए । यद्यपि तराई मधेसमा पहाडिया शासक वर्गबाट क्षेत्रीय र जातीय रुपमा हुने शोषण र विभेदपूर्ण व्यवहार पनि थियो, जसलाई राजनीतिक दलहरुले गम्भीरतापूर्वक अनुभूत गर्न सकेका थिएनन् । त्यतिबेला यस विषयमा कम्युनिस्ट पार्टीहरु पनि भिन्न थिएनन् । २००७ सालमा प्रजातान्त्रिक आन्दोलनपछि नै शासक वर्गमा तराई मधेसको जनसमुदाय प्रतिको विभेदपूर्ण भाव देखिन थालेको थियो । तर, विशेष गरी २०१७ सालमा राजा महेन्द्रको निरंकुश पञ्चायती व्यवस्थाको सुरुआतपछि तराई मधेसमा जातीय र क्षेत्रीय पहिचानको दृष्टिले अमानवीय शोषणको नयाँ अध्याय सुरु भएको थियो ।

राजा महेन्द्रले 'एउटै भाषा एउटै भेष'को नारामा गोर्खाली शासकहरुको धर्म र संस्कतिको अहंकारसहितको राष्ट्रवादको परिभाषा र भाष्य खडा गरे । यस गोर्खाली पहाडिया हिन्दू उच्च ब्राह्मणवादी अहंकारी एकल र संकीर्ण राष्ट्रवादले तराई मधेसमा बस्ने जनसमुदायलाई आफ्नै भूमिमा दोयम र अनागरिकको स्थितिमा पुऱ्याई दिएको थियो । नेपाली कम्युनिस्ट आन्दोलनभित्र क्षेत्रीय र जातीय उत्पीडनप्रतिको अधूरा बुझाई र उदासीनताकै परिणाम नै थियो कि कपिलवस्तु र रुपन्देहीका मार्क्सवादी विचार बाट प्रभावित केही वाम युवाहरुले क्षेत्रीय मुक्तिको प्रश्नलाई केन्द्रमा राखेर 'तराई लिबरेसन फ्रन्ट'को नाममा स्वतन्त्र संघर्षको विकास गर्न खोजेका थिए ।

यस शासकीय साँस्कृतिक राष्ट्रवादको भावनात्मक आकर्षणबाट नेपाली काँग्रेसलगायतका यथास्थितिवादी राजनीतिक शक्ति मात्र होइन, आफूलाई सबै प्रकारका शोषणका विरुद्ध प्रतिवद्ध र आमूल परिवर्तनकारी शक्ति भन्ने तत्कालीन कम्युनिस्ट पार्टीहरुसमेत प्रभावित थिए । देशको एउटा भागको जनसमुदाय क्षेत्र, अनुहार र रंगको आधारमा राज्यसत्ताबाट विभेदित र अपहेलित भईरहँदा पनि यो विषय नेपालका कम्युनिस्ट पार्टीको एजेन्डाभित्र नपर्नुलाई उनीहरुको अज्ञानता वा अधुरो बुझाई नै भन्नुपर्छ । कम्युनिस्ट वैचारिकतामा जातीय-क्षेत्रीय उत्पीडन, श्रम उत्पीडन र शोषणकै विशिष्ट प्रतिविम्वन भएकोले यसको विरुद्ध बोल्नु र संघर्ष गर्नु कम्युनिस्टहरुको दायित्व भएको धारणा लेनिन र माओत्सेतुङ्गहरुका रचनाहरुमा पर्याप्त उल्लेख छन् । तर पनि नेपालको कम्युनिस्ट आन्दोलनमा यो विषय लामो समयसम्म उपेक्षित रह्यो । केही कम्युनिस्ट पार्टीहरुको दस्तावेजमा यसबारे सामन्य चर्चा गरेपनि यो गौण विषय जस्तै थियो ।

यसै कारण तराई मधेसमा कम्युनिस्ट पार्टीहरुको संगठनात्मक आधार र हरिहर यादव, जयगोविन्द साह, सूर्यनाथ राना र रामवृक्ष यादव जस्ता जनप्रिय र प्रभावशाली नेताहरु भएर पनि कम्युनिस्ट आन्दोलनप्रति स्थायी उभार उत्पन्न हुन सकेको थिएन । फ्रेडरिक गेजले आफ्नो अनुसन्धानात्मक कृति 'रिजनलिज्म एन्ड नेसनल युनिटी इन तराई'मा 'तराई लिबरेसन फ्रन्ट'लाई तराईका जनतामाथि राज्यबाट हुने भेदभाव र दमनबाट मुक्ति तथा राजनैतिक अधिकारको निम्ति मार्क्सवादी दृष्टिकोणमा गठित सशस्त्र वामसंगठनको रुपमा चर्चा गरेका छन् ।

२०१८-१९ सालतिर गठित त्यस संगठनलाई आपराधिक समूह र यसका सदस्यहरुलाई डाँकाको रुपमा पञ्चायती शासक वर्गले दुष्प्रचारित गर्ने गर्थे । पञ्चायती सरकारले २०२१ सालतिर रामजी मिश्रा, २०२५ सालतिर रघुनाथ रायलगायत तराई लिबरेसन फ्रन्टका कैयौं नेताहरुलाई डाँकाको रुपमा दुष्प्रचारित गर्दै हत्या गरेको थियो । यसबारे नेपाली मिडिया प्रायः बेखबर नै थियो तर टाइम्स अफ इन्डिया र स्टेट्सम्यान जस्ता भारतीय पत्रिकाहरुले उनीहरुलाई पश्चिमी तराईमा क्षेत्रीय अधिकारको निम्ति लडेका र राज्यबाट हत्या गरिएका राजनीतिक नेता र कार्यकर्ता भनेर समाचारहरु प्रकाशित गरेका थिए ।

तराई लिबरेसन फ्रन्टको गतिविधिसंग नेपालको कम्युनिस्ट आन्दोलनको मूलधार पूर्णतः अनजान थियो भन्ने पनि छैन । गेजका अनुसार कमरेड पुष्पलाललाई तराई लिबरेसन फ्रन्टका कार्यकर्ताहरुले भारत, बिहारको दरभङ्गामा विविध रुपमा सहयोग गरेका थिए । त्यस्तै, २०२६ सालतिर तत्कालीन प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालले मध्यतराईमा फैलिएको पञ्चायती शासन विरोधी हिंसामा उग्रवामपन्थी विचार र लक्ष्य बनाएर विश्वनाथ त्रिपाठीको नेतृत्वमा मध्य र पश्चिमी तराईमा सक्रिय चालिस-पचास जनाको सशस्त्र समूहमाथि किटानीसाथ आरोप लगाएका थिए । उनले तिनको पुष्पलालसंग निकटता रहेको पनि आरोप लगाएका थिए ।

नेपाली कम्युनिस्ट आन्दोलनको यस महत्वपूर्ण अध्यायबारे राजनीतिक इतिहासकारहरुको उदासीनता र मौनता विडम्बनायुक्त छ । यस उदासीनताको पछाडि वर्गसंघर्षभित्र क्षेत्रीय र जातीय उत्पीडनप्रतिको यान्त्रिक बुझाई र राष्ट्रवादी प्रभाव थियो भन्नु अनुपयुक्त हुँदैन । मधेसीहरुको समग्र मुक्ति तथा राज्यसत्तामा उनीहरुको स्वामित्व तथा उनीहरुको क्षेत्रीय र जातीय राजनीतिक र साँस्कृतिक विभेदप्रतिको उदासीनता कम्युनिस्ट पार्टीहरु मात्रै होइन, तराई मधेसमा चुनावी जनाधारका बावजूद प्रायः सबै राजनीतिक शक्तिहरुमा बरु झन् बढी थियो । यसै कारण शासक वर्गको विरुद्ध हुनुपर्ने पहिचान र अधिकारको राजनीतिक संघर्ष जातीय-क्षेत्रीय संकीर्ण साँस्कृतिक उत्तेजनामा आधारित संसदीय राजनीति संघर्षमा परिणत भयो ।

०४७ सालपछि मधेसी एजेन्डा बहुदलीय राजतन्त्रमा गजेन्द्रनारायण सिंहको नेतृत्वमा रहेको सद्भावना पार्टीको हातमा थियो, जसले त्यसै व्यवस्थाभित्र अधिकार प्राप्तिको संघर्षको रुपमा यसलाई सीमित गर्न चाहन्थ्यो । गजेन्द्रनारायण सिंहको सद्भावना पार्टीले एकातिर मधेसीहरुको राजनीति धनी वर्गको हातमा रहने पुरानै बुर्जुवा प्रजातान्त्रिक विचारको वकालत गर्थ्यो भने अर्कोतिर प्रवृत्तिगत रुपमा संकीर्ण भौगोलिक साँस्कृतिक उत्तेजनालाई प्रोत्साहित गर्थ्यो ।

अर्को शब्दमा भन्नु पर्दा यो राजा महेन्द्रको पहाडिया अहंकारमा आधारित राष्ट्रवादको प्रतिलोम मधेसी उत्तेजनालाई हतियार बनाउन चाहन्थ्यो । निश्चित रुपमा यस क्षेत्रीय र जातीय अन्तर्विरोधको मूल कारक संकीर्ण राष्ट्रवादी शासक वर्गले तराई मधेसका जनतामाथि थोपरेको साँस्कृतिक विभेद र शोषण नै थियो । यसरी मधेसीहरुको समग्र मुक्ति र राज्यसत्ताको स्वामित्वमा साझेदारीको राजनीतिक धारणा एकातिर राज्यसत्ताको विखण्डनवादी प्रचार र अर्कोतिर तराई मधेसका बुर्जुवा र धनि वर्गलाई मधेसी भावनाको चुनावी भऱ्याङ्ग चढेर थोरै भएपनि सत्तामा भाग दिलाउने माध्यम थियो ।

तराई मधेसका श्रमजीवी वर्ग र उत्पीडित जनसमुदायको निम्ति यसले मुक्तिको एउटा आकर्षक भ्रम मात्र सिर्जना गर्थ्यो । तात्पर्य के भने बहुदलीय राजतन्त्रकालमा पनि तराई मधेसलगायत क्षेत्रीय र जातीय शोषणबाट मुक्तिको प्रश्न जताबाट नापेपनि विखण्डन र साँस्कृतिक अलगावलाई नै बल पुऱ्याइरहेको थियो । माओवादी जनयुद्धले यो दुवै संकीर्ण मिथलाई भंग गरिदिएको थियो । नेपाली समाजको आमूल परिवर्तन र कार्य नैतिक रुपमा नयाँ जनवादी राज्यको स्थापनाको लक्ष्यसहित सुरु गरिएको दस वर्षे माओवादी जनयुद्ध नेपाली जनता माथिको सबै प्रकारका शोषणको विरुद्ध लक्षित थियो ।

यसरी नै २०५५ सालतिर नेकपा (माओवादी)ले माओवादी वैचारिकतामा आधारित आधिकारिक क्षेत्रीय जातीय संगठनको रुपमा महेन्द्र पासवानको संयोजनमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा, नेपालको गठन गरेको थियो । तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा २०५२ फागुन १ देखि सुरु भएको महान 'दीर्घकालीन जनयुद्ध'का सञ्चालकहरुले नेपाली जनता बीचको शोषणलाई मूख्यतः वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक शोषणको रुपमा पहिचान गरेका थिए । उनीहरुले जातीय, क्षेत्रीय र लैङ्गिक शोषण र विभेदलाई वर्गीय शोषणको विशिष्ट प्रतिबिम्बन भने ।

यसै विश्लेषणको आधारमा माओवादीहरुले तराई मधेसका जनसमुदाय माथिको जातीय र साँस्कृतिक शोषण र विभेदलाई नेपाली जनवादी क्रान्तिमा छुटाउन नहुने प्रश्न बनाए । अनि, वर्ग संघर्षको विचार मातहत विशिष्ट संघर्षको रुपमा विकास गराए । तराई मधेसमा उत्पीडित जनसमुदायमा जनयुद्धप्रति विश्वास पैदा गर्नको निम्ति पनि यो महत्वपूर्ण निर्णय थियो । यसै अनुरुप माओवादीहरुको पहलमा एउटा लचिलो मञ्चको रुपमा ०५४ सालमा उपेन्द्र यादवको नेतृत्वमा मधेसी जनअधिकार फोरमको गठन गरिएको थियो । उपेन्द्र यादव नेतृत्वको यो फोरम पछि वर्गसंघर्ष र माओवादीबाट अलगिगएर संसदीय राजनीतिमा स्वतन्त्र पार्टीको रुपमा विकसित भयो । उपेन्द्र यादवको यो संगठन अनेक घुम्ती र टुटफुट हुँदै हाल जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीको रुपमा संसदीय अभ्यासमा छ ।

यस संगठनले उत्पीडित मधेसी जनसमुदायलाई राज्यसत्तामा राजनैतिक अधिकार प्राप्ति र समग्र शोषणहरुबाट मुक्तिको निम्ति वर्गसंघर्ष (जनयुद्ध)मा ऐक्यबद्ध सशस्त्र संघर्षको निम्ति आह्वान गऱ्यो । अन्य राजनीतिक दलहरुजस्तै यो अफवाह मात्र थिएन, माओवादीहरुले संघर्षको निम्ति आह्वान मात्र गरिरहेका थिएनन्, बरु आफूपनि यस संघर्षमा सहभागी भएर जोखिम मोल्दै उदाहरण प्रस्तुत गरिरहेका थिए । त्यसैले, यसको व्यापक प्रभाव पऱ्यो र छोटो समयमै जनयुद्ध तराई मधेसमा सबैतिर झाङ्गिदै गयो ।

जतिबेला अन्य राजनीतिक दलहरु पुरानै बहुदलीय राजतन्त्रको रक्षामा जुटेका थिए, माओवादीहरु यसलाई ढाल्न राजनीतिक र फोजी दुबै तर्फबाट वैचारिक र व्यावहारिक आक्रमण गरिरहेका थिए । यतिमात्र होइन, उनीहरु वैकल्पिक राज्यसत्ताको संघीय ढाँचाको विकास गराउने प्रयत्न पनि गरिरहेका थिए । यसै क्रममा २०६० माघ १० गते मातृका यादवको अध्यक्षतामा मधेस स्वायत्त गणतान्त्रिक जनसरकारको समेत घोषणा गरियो । २७ सदस्यीय यस जनसरकारमा उपाध्यक्ष विनोद उपाध्याय, प्रभु साह सभामुख, देवनारायण यादव उपसभामुख र महेन्द्र पासवान मुख्य सचिवमा चयन गरिएका थिए ।

२०६० सालमा माओवादीले यस्तै जातीय र क्षेत्रीय स्वायत्त गणतान्त्रिक जनसरकारको गठन थारुवान, मगरात, तामाङ्ग, तमुवान, किरात, भेरी-कर्णाली, सेती-महाकालीमा गरेको थियो । भीषण जनयुद्धका बीच गठित यी जनसरकारहरु, ऐतिहासिक प्रवाहमा विविध अन्तर्विरोध र अन्तर्घुलनबाट विकसित श्रमिक वर्गीयता र राजनैतिक साँस्कृतिक समुदायको पहिचानको आधारमा उत्पीडित वर्ग र जनसमुदायको समान साझेदारीमा आधारित, माओवादीको नयाँ जनवादी राज्यसत्ता अभ्यासका तात्कालिक प्रतिकात्मक परि कल्पना थिए ।

माओवादी जनयुद्धले मधेस आन्दोलनलगायत क्षेत्रीय र जातीय आन्दोलनलाई पहिचान र अधिकार तथा राज्यसत्तामा साझेदारीको निम्ति प्रेरित मात्रै गरेन, बरु वर्गसंघर्षको आधारमा उत्पीडित वर्ग र जनसमुदायको ऐतिहासिक व्याख्या गऱ्यो । साथै, स्वायत्तता, पूर्ण समानुपातिकता र आत्मनिर्णयको अधिकारको सैद्धान्तीकरण गऱ्यो । तराई मधेसबारे यी ऐतिहासिक व्याख्याहरु यसभन्दा पूर्व गैरमार्क्सवादी मधेसी राजनीतिज्ञहरुले गरेका धनि र अभिजात्यको वर्चस्व भएको संसदीय राजनीतिक व्याख्याभन्दा भिन्न, शोषणबाट मुक्तिका निम्ति संघर्षका विचारहरु थिए ।

यी विचारहरुले राजनीतिक मात्र होइन, तराई मधेसमा राजनीतिक रुपमा शासकवर्ग, आर्थिक रुपमा धनिवर्ग तथा साँस्कृतिक रुपमा ब्राह्मणवादी सामाजिक संरचनाको शोषणबाट मुक्त हुन आफूजस्तै अन्य उत्पीडित जनसमुदायसंग एकजुट भै वर्गसंघर्षमा एकीकृत हुन प्रेरित गर्थ्यो । अफसोस् ! माओवादी जनयुद्ध ०६३ सालमा अधूरै विघटित भएर उसका लक्ष्यहरु अलपत्र अवस्थामा समयको संग्रहालयमा ओझेल भए । यद्यपि अहिलेको लोकतान्त्रिक गणतन्त्र माओवादीहरुको संसदीय राजनीतिक शक्तिहरुसंगको सम्झौताबाट प्राप्त जनयुद्धको आंशिक उपलब्धि मात्र हो ।

हाल माओवादी कयौं टुक्रामा विभाजित छ । यसको सबैभन्दा ठूलो हिस्सा माओवादी केन्द्रको रुपमा संसदीय अभ्यासमा छ । हाल गठबन्धन राजनीतिको ढुलमुलेपनाको कारण प्रायः सधैंभरी सरकारमा रहने गरेपनि माओवादी वैचारिकताबाट स्खलित र जनाधारको दृष्टिले सत्तासंघर्षमा तेस्रो स्थानमा झरेको माकेको अवरोह यात्रा अझै जारी नै छ । यस अतिरिक्त अन्य माओवादी संगठनहरु गैरसंसदीय राजनीतिक शक्तिको रुपमा अस्तित्व बचाउने आत्मसंघर्षभन्दा माथि उठन सकेका छैनन् । र, यसै अनुरुप गोलचक्करभित्र विविध नयाँ प्रयोग गरिरहेका देखिन्छन् ।

माओवादी आन्दोलनको अधुरै समापनपछि यसका अन्य लक्ष्य झैं तराई मधेसका उत्पीडित जनसमुदायको मुक्ति, आत्मनिर्णय र स्वायत्त शासनको स्वप्न पनि अलपत्र छ । माओवादी जनयुद्धका सञ्चालकहरुको अनुभवहीनता, वैचारिक स्खलन तथा सत्तालिप्साको कारण मधेसी एजेन्डा पुनः गैर कम्युनिस्ट र दक्षिणपन्थीहरुको संसदीय राजनीतिक भऱ्याङ्ग बनेको छ । तर पनि तराई मधेसका उत्पीडित समुदायको वर्गीय र साँस्कृतिक शोषणबाट मुक्तिको निम्ति माओवादीहरुले सारेको स्वायत्तता, आत्मनिर्णयसहितका नयाँ जनवादी राज्यको संघीय ढाँचाको औचित्य अहिलेपनि कायमै छ । यो ढाँचा अहिलेको पूँजीवादी अधिनायकत्व मातहतको समावेशी संघीयताको छदाभन्दा भिन्न पूर्ण समानुपातिक तथा श्रमजीवी वर्गीय जनताको अधिनायकत्व (नयाँ जनवाद) अहिले पनि सान्दर्भिक छ । अहिले नवसाम्राज्यवादीहरु र दक्षिणपन्थी शक्तिहरु व्यापक र घनीभूत प्रचारले माओवादी जनयुद्ध तथा वर्गसंघर्षको विचारलाई अनेक थरी बदनाम गरिरहेका छन् ।

तर माओवादी जनयुद्ध नै थियो, जसको निरन्तर फौजी र राजनीतिक धक्काले राजतन्त्रलाई ढालेर गणतन्त्रको स्थापना सम्भव भयो । यद्यपि सामन्तवादी अधिनायकत्वबाट मुक्त भएको नेपाली राज्यसत्तालाई पूँजीवादी (दलाल तथा नोकरशाही पूँजीवाद) अधिनायकत्वमा जानबाट माओवादीहरुले रोक्न सकेनन् । यसका बाह्य कारणहरु पनि छन् तर यसको मुख्य कारण माओवादीहरु वैचारिकताको स्तरमा अल्मलिनु, टाढिनु र स्खलित हुनु नै हो । राज्यसत्तामा साझेदारीको निम्ति संघर्षको साटो मधेस एजेन्डा चुनावी सफलतामात्रको हतियारमा परिणत हुनु यस्तै गैरजनवादी स्खलनको परिणाम हो ।

साँच्चै हजारौंको सहादत र सर्वस्व त्यागबाट सिञ्चित माओवादी जनयुद्ध नेपाली समाजमा सबै उत्पीडित वर्ग र जनसमुदायको निम्ति समानता र समृद्धिको युगान्तकारी स्वप्न थियो, जो अधुरै रह्यो । जसको औचित्य र सान्दर्भिकता अझै छ । *साभार : रातोपाटी*

# भूउपयोगमा दीर्घकालीन सोच

जगत देउजा

ऐनमा तोकिए अनुसार भूउपयोग क्षेत्र वर्गीकरण नगरी कित्ताकाट नहुने भएपछि स्थानीय तहहरू दबाबमा छन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले २०७९ मंसिर २३ सम्ममा कम्तीमा आ-आफ्नो तहको कृषिक्षेत्र छुट्याउन परिपत्र गरेको थियो ।

कित्ताकाट रोकिएकाले राजस्वमा असर पर्ने नै भयो । जनताले पनि कित्ताकाट खुलाउन जनप्रतिनिधिलाई ताकेता गरिरहेका छन् । यस्तै कारणले स्थानीय तहहरू भूमिको वर्गीकरण गर्न हतारिएका छन् । कतिपय स्थानीय तहले कृषि क्षेत्र मात्र छुट्याएर भए पनि कित्ताकाट खुलाएका छन् । कतिले भूउपयोग ऐनमा तोकिए बमोजिमका सबै क्षेत्रमा वर्गीकरण गर्न भ्याएका छन् ।

जनप्रतिनिधि र यस विषयका स्थानीय जानकारसमेत सहभागी भई समुदायसँगको छलफलबाट वर्गीकरण गरिएका स्थानीय तहहरूमा विवाद कम देखिएको छ । केही स्थानीय तहले मौकामा चौका हान्न सिपालु खास अनुभवबिनाका कम्पनीहरूलाई भूक्षेत्र वर्गीकरणको जिम्मा दिएका छन् । ती ठाउँमा भूउपयोग क्षेत्र वर्गीकरण राम्रो हुन सकेको छैन । आफूसँग प्राविधिक नभएपछि बाहिरी जनशक्तिलाई जिम्मेवारी दिनु स्वाभाविक लागे पनि यो समुदायको र जनप्रतिनिधिकै अगुवाइमा हुनुपर्ने काम हो, ठेक्कामा दिएर गराउने होइन । यसले आगामी दिनमा नसोचेका जटिलताहरू निम्त्याउन सक्छ ।

भूउपयोग ऐन-२०७६ मै ऐन पारित भएको एक वर्षभित्र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा तोकिएको निकायले भूउपयोग क्षेत्र नक्सा तयार गरी सबै स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था छ । हालसम्म सबै स्थानीय तहले त्यस्तो नक्सा प्राप्त गरि सकेको हुनुपर्छ । भूउपयोग क्षेत्र वर्गीकरणपश्चात् नापी विभागले उपलब्ध गराएको नक्सामा पनि आवश्यक संशोधन गर्नुपर्ने हुन्छ । यस्तो काम भने खासै भइसकेको छैन । नापी विभागले स्थानीय तहलाई उपलब्ध गराएको नक्साको प्रभावकारी उपयोगिताबारे समीक्षा आवश्यक छ ।

ऐन लागू भएको करिब तीन वर्षमा भूउपयोग नियमावली तर्जुमा भयो । ऐन र नियमावली मात्र पनि स्थानीय तहको भूउपयोग क्षेत्र वर्गीकरण एवं भूउपयोग योजना तर्जुमा गर्न पर्याप्त छैनन् । यसका लागि सरल कार्यविधिको खाँचो पर्छ । यसो हुँदा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यथाशीघ्र कार्यविधि बनाइदिएमा स्थानीय तहलाई भूउपयोग क्षेत्र वर्गीकरण र योजना तर्जुमा गर्न सहज हुने थियो ।

ऐनमा व्यवस्था भए अनुरूप धेरै स्थानीय तहले भूउपयोग परिषद् गठन गरेका छन् । तर सोही ऐनमा व्यवस्था भए अनुसार कुनै पनि प्रदेशले त्यस्तो परिषद् गठन गरेको छैन, संघले पनि छैन । संघले संघीय र प्रदेशहरूले प्रदेशस्तरीय भूउपयोग योजना तर्जुमा गर्नुपर्ने हो, सो पनि हुन सकेको छैन । यो कामसमेत चाँडो हुन आवश्यक छ । संघ र प्रदेश आफूले नगरी स्थानीय तहलाई मात्र बाध्य बनाउन सुहाउँदो देखिँदैन ।

स्थानीय तहले ऐनमा व्यवस्था भए अनुरूप सुरुमा आधारपत्र र सोचपत्र बनाउनुपर्छ । त्यसका आधारमा भूउपयोग क्षेत्र वर्गीकरण, नक्सा हुँदै योजना बनाइने हो । भूउपयोग क्षेत्र वर्गीकरण वर्तमान स्थितिलाई मात्र आधार मानेर तोकिनु हुँदैन, कम्तीमा आउँदा ५० देखि १०० वर्षसम्मलाई हेर्नुपर्छ । यसका लागि सोचपत्र आवश्यक हुन्छ । यसबिनाको भूक्षेत्र वर्गीकरण कित्ताकाट खुलाउन त सहयोगी होला तर भूउपयोगको मर्म र उद्देश्य हासिल हुन सक्दैन ।

जग्गाको कारोबार धेरै हुने सहरी क्षेत्रका केही स्थानीय तहले भूउपयोग क्षेत्र वर्गीकरण गरिसकेका छन् । सोलाई आधार मानेर भूमिसुधार तथा मालपोत कार्यालयले कित्ताकाट खुलाएका छन् । यसरी वर्गीकरण गर्ने क्रममा स्थानीय तहले पूरै कित्ता जग्गा आवास क्षेत्रमा राखेको समेत समाचारहरू आइरहेका छन् । झट्ट हेर्दा तत्कालको अप्ठेरो फुके पनि दीर्घकालीन रूपमा यो निर्णय सही होइन । कुनै पनि बस्ती बसोबास योग्य हुनका लागि वरिपरि वन, पानी, पोखरी, खेतीपाती, खुला क्षेत्र आदि पनि हुनुपर्छ । जतातत्तै कंक्रिटका घरहरू मात्र भएका बस्तीहरूलाई व्यवस्थित आवास क्षेत्र मान्न सकिन्न । अतः स्थानीय तहले आफ्नो क्षेत्रको निश्चित भूभाग कृषि र अन्य क्षेत्रका लागि छुट्याउन आवश्यक छ । अहिले धेरै स्थानीय तहले भूउपयोग क्षेत्र वर्गीकरण गर्दा बाटाका दायाँबायाँको निश्चित क्षेत्र आवास क्षेत्र अन्तर्गत राखेका छन्, जुन उचित होइन । बाटाका दायाँबायाँ घर बनाउनेभन्दा पनि हाल भइरहेका बाहेक निश्चित सुरक्षित स्थानहरूको खोजी गरी आवास क्षेत्र तोकिनुपर्छ । जहाँ पनि घर बनाउने अहिलेको अभ्यासलाई नियन्त्रण गर्नुपर्छ ।

भूउपयोग क्षेत्र वर्गीकरणको उद्देश्य कित्ताकाट खुलाउनु र राजस्व नियमित गर्नु मात्र हुनु हुँदैन । आफ्ना नागरिकको खाद्य आवश्यकताको सुनिश्चितता गर्न आवश्यक कृषि जग्गा जोगाउनुपर्छ । स्थानीय तहको जनसंख्या कति हो ? अहिलेको खाद्यान्न स्थिति के छ ? अबका दिनमा आवश्यक खाद्यान्न उपलब्ध गराउन कति जग्गा चाहिन्छ ? बस्तीको अवस्था के छ ? अहिलेको बस्ती एवं बसोबासको समस्या के हो ? नयाँ बस्तीहरू कहाँ र कसरी निर्माण गर्ने ? खुला स्थानहरू कहाँकहाँ र कसरी छुट्याउने ? यस्ता विषयमा ध्यान दिनुपर्छ ।

*बाँकी पृष्ठ-३ मा...*

# भित्र यातायात व्यवसायीको सहमति, बाहिर तोडफोड र आगजनी



काठमाडौं/विभिन्न १० बुँदे माग राख्दै पछिल्लो दुई सातादेखि यातायात मजदुर आन्दोलनरत थिए । ट्राफिक प्रहरीका अधिकारीहरुका भनाइमा बाहिर यो आन्दोलन जरिवाना बढाएर पहिलो पटककै गल्तीमा १५ सय रुपैयाँ पुर्‍याएकोप्रति लक्षित देखिन्थ्यो ।

तर, आन्दोलनमा ऐक्यबद्धता जनाएका यातायात व्यवसायीको खास लक्ष्य गौशाला, माछापोखरी लगायत चक्रपथ क्षेत्रमा सवारीसाधन पार्किङ गर्न नदिने निर्णय उल्ट्याउनतर्फ बढी केन्द्रित थियो ।

आइतबार मात्रै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा यातायात व्यवसायी र मजदुरसहित सरोकारवाला निकायहरुबीच छलफल भएको थियो । छलफलबाट ट्राफिक प्रहरी जरिवाना सम्बन्धी प्रावधानमा लचक हुने निर्णय भएको थियो । मजदुरका थप मागका विषयहरुमा पनि क्रमश: छलफल गर्दै जाने भनिएको थियो । उपत्यका ट्राफिक कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) राजेन्द्रप्रसाद भट्टका अनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार पहिलो पटक जरिवानामा परे ५ सय, दोस्रो पटक एक हजार र तेस्रो पटकमा १५ सय रुपैयाँ लिने निर्णय भएको थियो ।

त्यसरी पाँच पटकसम्म नियम उल्लंघन गरेर कारबाहीमा परे लाइसेन्स नै खारेज गर्ने प्रावधानप्रति पनि यातायात व्यवसायीको विरोध थियो । २ सय बढी मजदुरको लाइसेन्स निलम्बन गर्न ट्राफिक प्रहरीले यातायात व्यवस्था कार्यालयलाई पत्राचार गरिसकेकाले त्यसलाई रोक्ने व्यवसायीको इच्छा थियो ।

आइतबार मन्त्रालयमा भएको छलफल र सहमतिपछि निस्किएका मजदुरहरुले सोमबार गोंगबु बसपार्कमा कोणसभा गरेर बैठकका निर्णय र भावी आन्दोलनका तयारी सुनाउने कार्यक्रम राखेका थिए । अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष दिपक केसीका अनुसार त्यसअनुसार यातायात मजदुरहरु शान्तिपूर्ण कोणसभाका लागि ल्होत्से बहुउद्देश्यीय प्रालिको हलमा पुगेका थिए । पहिले व्यवसायीले बसपार्कमै कार्यक्रम गर्न खोजेका थिए । यातायात अवरुद्ध हुने भन्दै बाहिर कार्यक्रम गर्न सुझाइएको थियो । तर, उनीहरुले ल्होत्से हलमा पनि कार्यक्रम गर्न पाएनन् ।

ल्होत्सेलाई काठमाडौं महानगरले नयाँ बसपार्कको निर्माण, सञ्चालन र हस्तान्तरणको जिम्मा दिएको छ । त्यसबापत ल्होत्सेले बसहरुबाट सेवा शुल्क उठाउने गरेको छ । 'त्यहाँ प्रशासनकै अगाडि गुण्डाहरु लगाएर सयौं यातायात मजदुर र मजदुर नेताहरुमाथि सुनियोजित रुपमा आक्रमण गरेर शान्तिपूर्ण रुपमा गर्न लागिएको कार्यक्रममा घाइते बनाइयो', व्यवसायी केसी भन्छन्, 'ल्होत्से कम्पनीले गराएको घृणित कार्यले सिण्डिकेटधारी अपराधीहरुको कालो र नग्न रुप देखाइदिएको छ ।'

त्यसपछि हलमै तनावको परिस्थिति सिर्जना भयो । त्यसलगत्तै प्रहरी वृत्त, महाराजगञ्जका प्रहरी नायब उपरीक्षक (डीएसपी) अंगुर जिसी ल्होत्से हल पुगे । जिसीका अनुसार त्यतिञ्जेल बालाजु, माछापोखरी लागायतका क्षेत्रमा सडक अवरुद्ध थियो ।

हलभित्र अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष दिपक केसी, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष भीमज्वाला राईलगायत अरु यातायात व्यवसायीहरु थिए । 'छलफलबाट ट्राफिक प्रहरीलाई एक हप्ता समय दिएर निकास निकाल्न समय दिने लगायतका सहमति भएर आजलाई सडकको अवरोध हटाउने सहमति भएको थियो', उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसएसपी भट्टले भने ।

डीएसपी जिसीका अनुसार उनी राई लगायतसँग सहमति गरेर निस्किने तयारीमा थिए । सहमति अनुसार नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले त एक विज्ञप्ति जारी गरेर आइतबार भएका सहमतिबारे जानकारी दिँदै संयक कायम गर्न आह्वान नै गरेको थियो ।

तर, एक्कासी माइक्रो व्यवसायी राजकुमार खत्री, सुनिल प्रजापति, राजन ढकाल लगायत सहमतिको विरोध गर्दै त्यहाँ पुगे ।

'माइक्रो व्यवसायीले पनि विरोध गरेपछि छुट्टै छलफल गराएँ । बाहिर पार्किङ गर्दै आएको माइक्रोलाई पनि बसपार्कमा राख्ने व्यवस्था गरिएपछि उहाँहरुको विरोध रहेछ', जिसीले भने, 'उहाँहरुसँग पनि छलफल गरेर सहमति भएपछि तत्काललाई अवरुद्ध सडक खुलाउने निर्णय भयो ।' डीएसपी जिसीका अनुसार हलभित्र सहमति गरेर बाहिर निस्किंदा यातायात व्यवसायीहरु नै हिँड्न सक्ने स्थिति थिएन । 'ल्होत्से हलभित्र सहमति भएर निस्किंदा प्रहरीको गाडीमा पनि ढुंगा हानाहान भइसकेको थियो', जिसीले भने, 'अरुतिर पनि तोडफोड र आगजनी भइरहेको थियो ।'

प्रहरी वृत्त, बालाजुका डीएसपी रविन विष्ट चढ्ने बा २ झ १४४ नम्बरको पिकअप गाडीमा भीडले आगजानी गर्‍यो । प्रहरीको अर्का गाडी पनि जलाइयो । भीडले ल्होत्से मलभित्र गएर त्यहाँका मोबाइल पसलहरुसहित अरु कोठाहरुमा पनि तोडफोड गरेको छ । माछापोखरीको अस्थायी प्रहरी बिटमा आगजनी भएको छ भने ट्राफिक व्यवस्थापनका लागि राखिएका डिभाइडर र चोकमा राखिएका ट्राफिक आइल्याण्डहरुमा पनि क्षति पुगेको छ ।

आन्दोलनका कारण सोमबार अपराह्न गोंगबु बसपार्क र माछापोखरी क्षेत्रमा सर्वसाधारण अलपत्र परेका थिए । प्रदर्शन अबेर सम्म पनि साम्य हुने स्थिति नदेखिएपछि यात्रुहरु हात उठाउँदै तनावग्रस्त क्षेत्रमा पैदल हिँडेका थिए ।

'यो सबै दृश्य हेर्दा सोमबार त्यस क्षेत्र युद्धस्थल जस्तै बनेको भान हुन्छ', नेपाल प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल ठकुरी भन्छन्, 'भीड किन त्यति धेरै उग्र बन्यो भन्ने विषयमा छानबिन जरुरी देखिन्छ ।' लोत्से हलभित्र सहमति गरेर यातायात व्यवसायी निस्किँदै गर्दा बाहिर कसरी परिस्थिति नियन्त्रण बाहिर गयो ? जिल्ला प्रहरी परिसर, काठमाडौंका एक अधिकृत भन्छन्, 'सहमति गरेर आजलाई आन्दोलन स्थगित भएको घोषणा गर्न बाहिर आउँदा भएको घटनामा न मजदुर न यातयात व्यवसायी संलग्न छन् ।'

काठमाडौं प्रहरीको बुझाइ अनुसार सहमतिपछि प्रदर्शन उग्र हुनुमा आन्दोलनमा संलग्नभन्दा बाहिरका समूहको भूमिका छ । 'त्यो भीडमा कुनै लिडरसिप नै नभएको देखियो, त्यसैले यसमा क्षति धेरै भयो', नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल पनि भन्छन्, 'यो प्रदर्शनमा आन्दोलनमा सरिक भएकाभन्दा बाहिरका मानिसहरुको असन्तुष्टि पनि जोडिएको देखिन्छ ।'

उनको यसमा अरु 'स्वार्थ समूह'हरु जोडिएको अनुमन गरिएको बताउँदै भने, 'शान्तिपूर्ण आन्दोलनबाट एक्कासी अनियन्त्रित भीडमा परिणत भएको यो घटनाले राम्रो संकेत गरेको छैन ।'

यो घटनाले विगतमा इराकमा नेपाली मारिंदा काठमाडौंमा मेनपावर कम्पनीहरुमाथि भएको आक्रमण र ऋतिक रोशन प्रकरण दुवैलाई सम्झना गराएको मल्लको भनाइ छ । फिल्डमा खटिएका महाराजगञ्जका डीएसपी जिसी पनि भन्छन्, 'व्यवसायीले सडक अवरोध हटाउन गाडी सार्न थालेपछि झन् धेरै क्षति भएको देखिएको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# संघका नवनिर्वाचित कार्यसमितिको सपथ ग्रहण

साझाकुरा संवाददाता



हेटौंडा, १ फागुन/ निर्माण व्यवसायी संघ मकवानपुरको २३ औं साधारणसभा तथा ११ औं अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको सपथ तथा प्रमाणपत्र वितरण गरिएको छ ।

हेटौंडामा सोमबार भएको कार्यक्रममा संघका कानुनी सल्लाहकार एवं निर्वाचन अधिकृत ईश्वरराज ढकालले नवनिर्वाचित अध्यक्ष बालगोपाल कँडेललाई सपथ ग्रहण गराएका छन् । संघका नवनिर्वाचित अध्यक्ष कँडेलले कार्यसमितिका नवनिर्वाचित अन्य पदाधिकारी एवम् सदस्यहरुलाई सपथ गराए ।

कार्यक्रममा संघका पूर्वअध्यक्ष आनन्दराम पराजुली, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हिरालाल श्रेष्ठ र नेकपा (एकीकृत समाजवादी)का विष्णुप्रसाद दाहालले निर्वाचन लोकतान्त्रिक अभ्यास भएकोले जितहारलाई स्वीकार गर्दै संस्थाको संस्थागत विकासमा लाग्नुपर्ने बताए ।

नवनिर्वाचित अध्यक्ष कँडेलले निर्वाचनको समयमा समूहगत रुपमा प्रतिस्पर्धा गरेपनि अब संघ र सदस्यहरुको हकहितका लागि एकजुट भएर काम गर्नुपर्ने भन्दै संघलाई निर्माण व्यवसायीहरुको साझा संस्था बनाउन लाग्ने र कुनैपनि सदस्यलाई काखापाखा नगर्ने प्रतिबद्धता जनाएका छन् । संघको आइतबार अध्यक्षसहित पदाधिकारी र सदस्यहरुका लागि निर्वाचन भएको थियो । निर्वाचनबाट २ सय १६ मत ल्याएर विजयी कँडेलले प्रतिद्वन्द्वी निवर्तमान अध्यक्षसमेत रहेका श्याम सुन्दर ढकाललाई पराजित गरेका हुन् । ढकालले १ सय ७० मत मात्रै ल्याएका थिए ।

संघको प्रथम उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष पदमा बाहेक अध्यक्ष, द्वितीय र तृतीय उपाध्यक्ष, नीतिगत र आन्तरिकतर्फका दुई उपमहासचिव, सहकोषाध्यक्ष, खुला सदस्य र महिला सदस्यमा निर्वाचन भएको थियो । शनिवार प्रथम उपाध्यक्षमा सागर कटुवाल, महासचिवमा राजेन्द्रप्रसाद चौलागाई र कोषाध्यक्षमा अनल श्रेष्ठ निर्विरोध निर्वाचित भएका थिए । निर्वाचनबाट संघको द्वितीय उपाध्यक्षमा भवनाथ अधिकारी, तृतीय उपाध्यक्षमा भिमसेन श्रेष्ठ, उपमहासचिव नीतिगततर्फ दिनेश पनेरु उपमहासचिव आन्तरिक तर्फ सुरज बर्तौला र सहकोषाध्यक्षमा प्रकाश लामा विजयी भएका थिए ।

निर्वाचनबाट संघको सदस्यहरुमा चेतबहादुर थापामगर, नवीन जोशी, इन्द्रप्रसाद रिजाल, सुविन भट्टराई, अच्युत सुवेदी, भरत सापकोटा, सुर्यबहादुर रोक्का, लक्ष्मण सापकोटा निर्वाचित भएका थिए । महिला सदस्यमा उमाकुमारी पौडेल र पुनम तामाङको प्रतिस्पर्धा भएकोमा पौडेल विजयी भएकी थिइन् ।

# राक्सिराङमा हाटबजारमा चिउरीको महदेखि गिट्ठाको चिप्ससम्म

साझाकुरा संवाददाता



हेटौंडा, १ फागुन/स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्ने उद्देश्यले मकवानपुरको राक्सिराङ गाउँपालिकामा हाटबजार सुरु भएको छ । राक्सिराङ ५ स्थित चैनपुरमा गाउँपालिकाले निर्माण गरेको स्टलहरुमा हाट बजार सञ्चालन सुरु गरिएको हो ।

सोमबार बागमती प्रदेश सभा सदस्य ईन्द्रबहादुर बानियाँले राक्सिराङ हाट बजारको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा स्थानीय कलाकारहरुद्वारा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमकोसमेत आयोजना गरिएको थियो । हरेक महिनाको १ र १५ गते कृषि हाट बजार सञ्चालन गर्ने योजनाका साथ सुरुवात गरिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । हाट बजारमा स्थानीय चेपाङ तथा तामाङ समुदायका परम्परागत खानेकुराहरु गिट्ठाको चिप्स, उसिनेको गिट्ठा, तरुल, रैथाने उत्पादन फापर, कोदो, गहतलगायत चिउरीको मह, जस्ता स्थानीय उत्पादनहरु बिक्रीका लागि राखिएका थिए । स्थानीय किसानले उत्पादन गरेका विभिन्न तरकारीसहितका २० वटाभन्दा बढी स्टल राखिएको थियो ।

हाट बजार व्यवस्थापन समितिका संयोजक सन्तोष थापाका अनुसार अब हरेक महिनाको १ र १५ गते चैनपुरमा हाट बजार सञ्चालन गरिनेछ । हाट बजारमा स्थानीय खानाका विभिन्न परिकारदेखि लोकल कुखुरा, सिस्नुको पाउडरसम्म बिक्रीका लागि राखिएको थियो । राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा भएको हाट बजार उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, उपप्रमुख सानुकाजी लुईटेल, बागमती प्रदेशका निवर्तमान भौतिक पूर्वाधार राज्यमन्त्री सन्तबहादुर प्रजा, गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, राक्सिराङ ५ का वडाध्यक्ष हरिबहादुर प्रजालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# लागूऔषधसहित एकजना पक्राउ

हेटौंडा, १ फागुन/ मकवानपुर प्रहरीले लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषधसहित हेटौंडा-६, गौरिटारका ३२ वर्षीय भीम राउतलाई प्रहरीले पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा प्रहरीले आइतबार राती ९ बजेको समयमा राउतको घरबाट नाइट्रोभेट ३० ट्याब्लेट र गाँजा २ केजी ९ सय ग्राम बरामद गरेको जनाएको छ । राउतले लागुऔषध विक्री वितरण गर्ने गरेको सूचनाका आधारमा प्रहरीले छापा मारेको जनाएको छ । राउतलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्षमा राखी थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

# क्वात्राले प्रचण्डलाई किन दिएनन् भारत भ्रमणको औपचारिक निम्तो ?

काठमाडौं/भारतीय विदेश सचिव विनयमोहन क्वात्राको नेपाल भ्रमण तय भएदेखि नै उनले निर्वाचनपछि गठन भएको नयाँ सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भारत भ्रमणको निम्तो दिने अनुमान गरिएको थियो ।

तर दुई दिने भ्रमणका लागि काठमाडौं आएका भारतीय विदेश सचिव क्वात्राले सोमबार बेलुका नै प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको भेटघाटका क्रममा प्रचण्डलाई भारत भ्रमणको औपचारिक निम्तो भने दिएनन् । यद्यपि, भ्रमणको लागि अनुकुल समयका विषयमा भने छलफल भएको छ ।

प्रचण्डका स्वकीय सचिव रमेश मल्लका अनुसार क्वात्राले नेपालमा नयाँ राष्ट्रपति निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा भ्रमणको अनुकुलताका विषयमा चासो व्यक्त गरेका थिए ।

'उहाँले प्रधानमन्त्रीको भ्रमणका लागि समय कहिलेसम्म मिल्नसक्छ भन्ने विषयमा चासो राख्नुभयो', स्वकीय सचिव मल्लले भने, 'त्यसका लागि यताको समय पनि मिल्नुपर्ने हुन्छ । हाम्रो समय अनुकुलतालाई हेरेर निम्तो दिने उहाँहरूको तयारी होला ।'

उनले राष्ट्रपति निर्वाचनको मिति तय भइसकेकाले त्यसअघि भ्रमणको सम्भावना यसै पनि नर हने हुँदा त्यसपछि मात्रै औपचारिक भ्रमणको निम्तो आउन सक्ने संकेत गरे । भारतीय दूतावास स्रोतका अनुसार पनि अहिले नै औपचारिक भ्रमणको निम्तो दिने अवस्था बनिनसकेको बुझाइ भारतीय सत्ता पक्षको छ । नेपालमा २५ फागुनका लागि तय भएको राष्ट्रपति निर्वाचन र त्यसको परिणामले सत्ता समीकरणमा प्रभाव पर्नसक्ने भन्दै प्रधानमन्त्री प्रचण्डलाई निम्तो दिन हतार नगर्ने मनस्थितिमा भारत पुगेको हो ।

'यहाँको सरकारकै सुनिश्चितता छैन, निम्तो मात्रै दिएर के गर्ने ?,' दूतावास स्रोतले भन्यो, 'राष्ट्रपतिको निर्वाचनसँगै यहाँको सत्ता राजनीति नै फेरियो भने निम्तो मात्रै दिएर हुँदैन । त्यसका लागि समय परिपक्व बनिसकेको छैन ।'

निम्तो दिए पनि नदिए पनि प्रधानमन्त्रीको राजनीतिक भ्रमण भारतबाटै सुरु हुनेमा भारतीय पक्ष ढुक्क छ । 'अहिलेसम्मको परम्परा र प्रचण्डजी स्वयंले पनि घोषणा गरिसक्नु भएकाले प्रधानमन्त्रीको पहिलो भ्रमण त भारतबाट हुन्छ भन्नेमा कुनै शंका छैन । तर कहिले भन्ने मात्रै हो,' स्रोतले भन्यो ।

प्रचण्डले प्रधानमन्त्री नियुक्त भएलगत्तै भारतीय सञ्चार माध्यमलाई अन्तर्वार्ता दिने क्रममा आफ्नो पहिलो विदेश भ्रमण भारतबाटै हुने बताएका थिए ।

**क्वात्राको उच्चस्तरीय भेटघाट**

नेपाली समकक्षी परराष्ट्र सचिव भरतराज पौड्यालको मैत्रीपूर्ण निमन्त्रणामा क्वात्रा दुई दिने भ्रमणका लागि सोमबार बिहान नेपाल आएका हुन् । उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ओर्लेलगत्तै होटल याक एण्ड यती पुगेका थिए । त्यहाँ दुईपक्षीय सचिवस्तरीय बैठक बसेको थियो ।

बैठकमा सचिवद्धय पौड्याल र क्वात्राले नेपाल र भारतबीचको बहुआयामिक सहकार्यका विविध पक्षबारे छलफल गरे । सो अवसरमा उनीहरूबीच कनेक्टिभिटी, ऊर्जा व्यापार, कृषि, स्वास्थ्य, संस्कृतिलगायत द्विपक्षीय सहयोगका विविध विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । उनले सोमबारनै राष्ट्रपति विद्यादेवी भण्डारीसँग शीतल निवास पुगेर भेट गरे । त्यसअघि परराष्ट्रमन्त्री डा. विमला राई पौड्यालसँग मन्त्रालयमा भेटवार्ता गरेका थिए । उनले आजै कांग्रेस सभापति शेर बहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी ओलीसँग पनि भेट गरेका छन् ।

उनी अपरान्ह पशुपतिनाथ मन्दिर समेत पुगेका थिए । क्वात्राले मंगलबार पनि राजनीतिक भेटघाटलाई निरन्तरता दिएर अपरान्ह नयाँ दिल्ली फर्किने कार्यक्रम रहेको छ । उनले लोसपा अध्यक्ष महन्थ ठाकुर, जसपा अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सीके राउतसँग पनि भेट गर्ने जनाइएको छ ।

*(अनलाइनखबरबाट)*

# भूउपयोगमा दीर्घकालीन...

आयातित खाद्यान्नको हिस्सा बढ्नु ठूलो चुनौती हो । यसलाई रोक्न वा कम गर्न स्थानीय उत्पादन बढाउन कृषियोग्य जमिनको संरक्षण आवश्यक छ ।

आफ्नो जमिनलाई सकभर आवास क्षेत्रमा राख्न पाए हुन्थ्यो भन्ने आमजन र सकभर मतदातालाई नबिच्काउने जनप्रतिनिधिको चाहनाका कारण कृषिक्षेत्र ज्यादै कम हुने र आवास क्षेत्र धेरै देखिने चिन्ता थपिएको छ । तर यो विषयमा सार्थक बहस हुन सकेको छैन । आवासमा राख्यो भने चाहिएको बखत राम्रो मूल्यमा बेच्न सकिन्छ भन्ने हो भने भूउपयोग योजनाको औचित्य नै पो के भयो र ? भूउपयोगको उद्देश्यका सम्बन्धमा विभिन्न तहमा सघन छलफल हुन सकेमा समुदायका मानिसहरू आफ्नो जग्गा कृषिमा राख्न उत्प्रेरित हुन सक्छन् । सरकारी एवं गैरसरकारी अनुदान एवं कृषि सम्बन्धी सेवासुविधाहरू खेतीयोग्य जग्गा भएकाहरूले मात्र पाउने हुनुपर्छ । कृषि जग्गाको मालपोत कम हुनुपर्छ ।

जोखिम क्षेत्र पहिचान गरी विपद्बाट हुने क्षति कम गर्नमा पनि भूउपयोग नक्साको ज्यादै महत्त्व छ । बर्सेनि विपद्बाट ठूलो धनजनको क्षति हुने गरेको छ । बाढी र पहिरो बढ्दै गएको छ । विपद्बाट ठूलो नोक्सानी भइसकेपछि राहत र पुन:स्थापनामा हुने खर्च र जनधनको क्षति कम गर्न जोखिम क्षेत्र नक्सांकन गरी त्यहाँका बस्ती र संरचना स्थानान्तरण गर्नुपर्छ ।

भूमिको समुचित उपयोगका लागि जग्गाजमिनसमेत छुट्याई तयार गरिएको योजना नै भूउपयोग योजना हो । जग्गाजमिनको विवेकपूर्ण, वातावरणमैत्री र दिगो उपयोगका माध्यमले उत्पादन वृद्धिह सुरक्षित आवासह दिगो पूर्वाधार एवं वातावरणीय सन्तुलन सुनिश्चित गर्नलाई भूउपयोग योजनाबाट सहयोग पुग्छ । भूउपयोग क्षेत्र वर्गीकरण, नक्सांकन र योजना निर्माणमा अत्यन्त सजगता अपनाउनुपर्छ । एक पटक वर्गीकरण गरेपछि पुन: त्यसमा हेरफेर गर्न त सकिएला, तर सोचेजति सजिलो हुन्न ।

भूउपयोग योजनाले दिगो तथा सन्तुलित सामाजिक, आर्थिक तथा वातावरणीय विकास सुनिश्चित गर्नुपर्छ । यस प्रक्रियामा समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ । प्रक्रिया सहभागितामूलक, समावेशी र समतामूलक हुनुपर्छ । भूउपयोग योजना यथार्थपरक, कार्यान्वयनयोग्य र स्थानीय परिस्थिति मुताबिक हुनुपर्छ । स्थानीय ज्ञान, सीप तथा समस्या समाधान विधिहरूको प्रयोग गर्नुपर्छ । पारदर्शिताको सिद्धान्त अपनाइएको हुनुपर्छ । भविष्यमुखी र दूरगामी प्रभाव पार्ने किसिमको हुनुपर्छ ।

भूउपयोग योजना बनाउँदा स्थानविशेषको भौगोलिक, भौगर्भिक तथा वातावरणीय संवेदनशीलतालाई ध्यान दिनुपर्छ । यस कार्यमा औपचारिक अर्थात् वैधानिक भूस्वामित्वका अलावा अनौपचारिक तथा अर्ध-औपचारिक भूसम्बन्धधारीको वैध हकको संरक्षणमा समेत ध्यान पुर्‍याउनुपर्छ ।

भूउपयोग योजना तर्जुमा प्रक्रियाका लागि विभिन्न संघसंस्था पनि स्थानीय सरकारलाई सहयोग गर्न लागिपरेका छन् । तर यसरी सहयोग गर्दा आआफ्नै ढाँचा प्रयोग गर्ने, कसैले जोखिम/संवेदनशील भन्ने, कसैले भूसम्बन्धको वैधतामा जोड दिनेभन्दा पनि सरकारले उपलब्ध गराएको ढाँचामा नियमकानुन अन्तर्गत रहेर समग्र भूउपयोग योजनामा सघाउनुपर्छ । आंशिक उद्देश्यमा मात्र अड्किनु हुँदैन । भू-उपयोग योजना अरू आवधिक योजना र विकास कार्यक्रमहरूभन्दा निरपेक्ष राखी छुट्टै सञ्चालन हुनु हुँदैन । यो योजना विद्यमान अन्य विभिन्न आवधिक विकास-निर्माण योजना तथा कार्यक्रमहरूको मूल जग हो । *(साभार: ई-कान्तिपुर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**"तपाई, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

**साझाकुरा** राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

www.sajhakuranews.com

# कोइला अभावले हेटौंडा सिमेन्टको उत्पादन बन्द

श्रीजना नेपाल

हेटौंडा, १ फागुन/कोइला अभाव हुँदा सरकारी स्वामित्वको हेटौंडा सिमेन्टको उत्पादन रोकिएको छ ।

आर्थिक अभावले ग्रस्त बनेको हेटौंडा सिमेन्ट उद्योग यसअघि पनि पटक पटक बन्द हुँदै आएको थियो । उद्योग सञ्चालनको लागि कोइला अभाव भएपछि पुन: उद्योगको सिमेन्ट उत्पादन रोकिएको हो । विगत ४ वर्षदेखी निरन्तर घाटा व्यहोरिरहेको उद्योगले कोइला खरिद गर्न नसकेको जनाएको छ । उद्योगका महाप्रवन्धक वसन्त पाण्डेको अनुसार आर्थिक अभावको कारण उद्योगले समयमा कोइला आपुर्ति गर्न नसक्दा सिमेन्ट उत्पादन रोकिएको छ ।



हाल उद्योगले विभिन्न देशबाट कोइला आपुर्तिको पहल गरिरहेको भएपनि कोइला खरिद गर्ने रकम उद्योगसँग नभएको पाण्डेको भनाई रहेको छ । उद्योगले यसअघि कोइला खरिद गरेको करिव २० करोड रुपैयाँ अझै तिर्न सकेको छैन । जसले गर्दा कोइला आपुर्ति हुन नसकेको पाण्डेले बताए । करिव २० दिनदेखि बन्द भएको उद्योगले हालसम्म १५ सय टन कोइला संकलन गरेको छ । उद्योगलाई उत्पादन सुरु गर्न दैनिक एकसय २५ टन कोइला आवश्यक पर्छ । दुई हजार टन कोइला संकलन भएपछि उद्योगको उत्पादन पुन: सुरु गर्ने पाण्डे बताउनुहुन्छ । तर,त्यसपछि उद्योगलाई निरन्तर सञ्चालन गर्नको लागि भने ठूलो बजेटको आवश्यक पर्ने उनको भनाई छ ।

उद्योगले ४ वर्षमा करिब ८० करोड रूपैयाँ घाटा बेहोरेको छ । उत्पादनमा गिरावट र उत्पादित सिमेन्ट पनि बिक्री नहुने समस्याले उद्योग निरन्तर घाटामा छ । गत आव ०७८/७९ मा मात्रै उद्योगले करिब साढे २३ करोड रूपैयाँ बराबर घाटा बेहोरेको महाप्रबन्धक पाण्डेले जानकारी दिए । गत आवमा १ अर्ब २२ करोड आम्दानी गरेको उद्योगले १ अर्ब ३९ करोड खर्च गरेको छ । उद्योगले आव ०७४/७५ मा १६ करोड ३६ लाख नाफा कमाएको थियो । त्यसयता उद्योग निरन्तर घाटामा छ । आव ०७५/७६ मा उद्योगले १ करोड ५ लाख, आव ०७६/७७ मा २३ करोड ८२ लाख, आव ०७७/७८ मा थप १७ करोड ४ लाख नोक्सान बेहोरेको उद्योगले जनाएको छ । उद्योगमा गत आव ०७८/७९ मै उत्पादन भएको सिमेन्टसमेत बिक्री नभएर थन्किएको छ । उनले निजी उद्योगहरूले सिमेन्टको मूल्य घटाएपछि हेटौंडा सिमेन्ट बिक्री हुन नसकेको बताए । उद्योगले मूल्य घटाउँदा पनि सिमेन्ट बिक्री हुन सकेको छैन । चार वर्षदेखि निरन्तर घाटामा चलिरहेको उद्योगले निजी सिमेन्ट उद्योगसँग प्रतिस्पर्धा गर्न भन्दै ४० रुपैयाँ घटाउँदा पनि बिक्री नभएको हो । मूल्य घटाए पनि सिमेन्टको बिक्री अपेक्षाकृत रूपमा नभएको महाप्रवन्धक बताए । करिब ९ सय रूपैयाँ लागतमा सिमेन्ट उत्पादन गर्ने उद्योगले ७४७ रूपैयाँ प्रति बोरा सिमेन्ट बिक्री गर्दै आएको थियो । तर सिमेन्ट बिक्री नभएपछि उद्योगले प्रतिबोरा ४० रुपैयाँ घटाएको थियो । उद्योगले बोरामा २०० रुपैयाँको हाराहारीमा घाटा व्यहोरि रहेको पाण्डेले बताए ।

आर्थिक अभावको दलदलबाट निस्किन नसकेपछि उद्योले रोप-वे लिलामी गर्ने तयारी गरेको छ । हाल साढे ६ सय टन रोप-वे को कवाडी लिलामीको लागि उद्योगले सूचना प्रकाशन गरिसकेको छ । ३ चरणमा लिलामी गर्ने तयारी गरेको उद्योगले बुधबारसम्मको समय दिएको छ । महाप्रवन्धक पाण्डेको अनुसार उद्योगले लिलामीको लागि बुधबार दिउँसो १२ बजेसम्मको समय दिएको छ । सोहि दिन दिउँसो ३ बजे उद्योगले लिलामी खुल्ला गर्ने पाण्डेले बताए । 'उद्योगको आर्थिक समस्या टार्नको लागि हामीले रोप-वे लिलाम गर्न लागेका छौ । बुधबार दिउँसो ३ बजे हामी लिलाम खुल्ला गर्छौ', उनले भने । उद्योगले यसअघि पनि कयौंपटक रोप-वे लिलाम गर्न खोजेपनि बिक्री हुन सकेको थिएन ।

भैंसेखानीबाट चुनढुङ्गा बोक्न प्रयोग हुँदै आएको रोपवे उपकरण २०६१ सालयता बन्द अवस्था छ । रोपवेको टावर, तार, तथा बस्ती माथि झुन्डिएका डब्बाले दुर्घटनाको जोखिमसमेत बढेको छ । पटक-पटक बोलपत्र आह्वान गर्दा पनि खरिदकर्ता नआएपछि उद्योगले लिलामी दर पनि घटाउँदै आएको थियो । करिव ८ वर्षअघि पहिलोपटक जारी गरेको सूचनामा रोपवे र जगेडा पाटपुर्जाका लागि मूल्यअभिवृद्धि कर बाहेक न्यूनतम मूल्य ६ करोड १६ लाख ५३ हजार ३ सय ५२ रुपैया कायम गरेको थियो । खरिदकर्ताको अनिच्छापछि उद्योगले दोस्रोपटक ४ करोड ६१ लाखमा झारेको थियो । पछिल्लोपटक करिब ४ वर्षअघि उद्योगले मूल्य घटाएर २ करोड ८० लाख कायम गरे पनि कुनै बोलपत्र परेको थिएन । यो पटक उद्योगले लिलाम रकम गोप्य राखेको जनाएको छ ।

उद्योगले भैंसेदेखि उद्योगसम्म प्रयोगमा नरहेको ११ किलोमिटर रोपवेको सिस्टम तथा भण्डारणमा रहेको जगेडा पाटपुर्जा बिक्रीका लागि प्रक्रिया सुरु गरेको थियो । उद्योगले आफ्नो उत्पादन सुरुवातसँगै २०४३ सालबाट भैंसेखानीबाट लामसुरेस्थित कार खानासम्म चुनढुङ्गा ढुवानी गर्न सञ्चालनमा ल्याइएको रोपवे २०६१ सालदेखि बन्द छ । २०६० सालमा आएको बाढीपहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोपवे बन्द भएको थियो । करिब ८ करोडको लगानीमा निर्माण भएको रोपवेको आर्थिक भार थेग्न नसकेपछि रोपवे बन्द गर्नुपरेको उद्योगले जनाएको छ । ८ करोडमा स्थापना गरेको रोपवे मर्मतमै करोडौं खर्च हुने भएपछि बिक्री गरेर आर्थिक समस्या टार्ने विकल्प सोचेको हो । २०४३ सालबाट २ दशकसम्म भैंसेखानीबाट चुनढुङ्गा ढुवानी गरेको रोपवे बाढीले भत्काएपछि सञ्चालन हुन सकेको थिएन । प्रतिघन्टा ३ सय मेट्रिक टन चुनढुङ्गा ढुवानी गर्ने क्षमता रहेको रोपवेको सुरुमा एक सय ६५ वटा वकेट (क्यारियर) रहेकोमा बिग्रिएर झर्दै गएपछि १ सय ४० जति बाँकी रहेको उद्योगले जनाएको छ ।

# सिमभञ्ज्याङमा निर्माणधीन सात तालमा पैदलमार्गसहितको बाँध तयार



साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ जिल्लाको प्रमुख पर्यटकीय स्थलका रुपमा परिचित थाहा नगरपालिकाको सिमभञ्ज्याङमा सात वटा ताल निर्माण गर्ने क्रममा पहिलो चरणमा बनाइएको बाँधमहितको पैदलमार्ग ।

बागमती प्रदेश सरकारको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मकवानपुरमार्फत् मकवानपुरको सिमभञ्ज्याङमा सातवटा ताल निर्माणाधीन रहेका छन् । पहिलो चरणमा करुणाभूमि सामुदायिक वन समितिमार्फत् पर्यटकहरु तालको बीचमा पुगेर अवलोकन गर्न सकिने गरी भौतिक संरचना निर्माण भएको समितिका अध्यक्ष विनोद लामाले बताए । प्रदेश सरकारको ७२ लाख ६९ हजार रुपैयाँ लागतमा पहिलो चरणमा एउटा ताल निर्माण हुनेछ ।

थाहा नगरपालिका-४ स्थित सिमभञ्ज्याङमा निर्माण हुने तालको तल्लो आधार हात्तिपाइले निर्माणलगायतका काम सम्पन्न भएको हो । स्थानीय करुणाभूमि सामुदायिक वनको पहलमा वातावरणमैत्री र पर्यटक आकर्षित गर्ने उद्देश्यले ताल निर्माण प्रयास सुरु भएको हो ।

सामुदायिक वन समितिका अध्यक्ष विनोद लामाले १० वर्ष अघिबाट गरिएको प्रयास र पहलले सार्थकता पाउन लागेको बताउँदै पहिले तारजाली र ढुंगामाटोको बाँध निर्माण गर्दा स्थायी नभएका कारण पक्की पर्खाल निर्माण गर्न लागेको बताए । थाहा नगरपालिकाको ३ लाख र स्थानीय विकास मन्त्रालयबाट आएको साढे ७ लाख रुपैयाँबाट छड र सिमेन्ट प्रयोग नगरी वातावरण र पर्यावरणमैत्री निर्माण गरेको संरचना वर्षाले क्षति पुऱ्याएको बताउँदै पानीको मूल निर्माणाधीन तालसँगै रहेकाले पानी अभाव नहुने लामाले बताए ।

ताल त्रिभुवन राजपाथसँगै बन्न लागेको हो । पानी जम्मा गरी ताल बनाउन प्रस्तावित तालमा हात्तिपाइलेबाहेकको तीन मिटर उचाइको बाँध निर्माण गरिनेछ । पक्की बाँध निर्माणपछि करिब सय मिटर लम्बाइभन्दा बढी क्षेत्रफलको तालमा पानी संकलन हुनेछ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मकवानपुरका अनुसार निर्माणाधीन तालको माथि थप पाँचवटा र तल एउटा ताल बनाउने योजना रहेको छ ।

दामन-पालुङ क्षेत्रमा पछिल्लो समय पर्यटक आउनेक्रम घटेको बताउँदै ताल निर्माण सम्पन्न भएपछि पर्यटकीय गन्तव्य बन्ने अध्यक्ष लामाले बताए ।

# बीरगञ्ज युनाइटेडद्वारा एनआरटी पराजित

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडामा जारी स्थानीय तह सहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा समूह चरणको तेस्रो खेलमा पर्साको बीरगञ्ज युनाइटेड बिजयी भएको छ ।

सोमबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा बीरगञ्जले काठमाडौंको एनआरटी क्लबलाई ३-२ गोल अन्तरले पराजित गरेको हो । बीरगञ्जले अब ३ फागुनमा विदेशी टोली एभिनिर एफसी क्यामरुनसँग सेमिफाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ । एनआरटीले पहिलो अग्रतालाई जोगाउन नसक्दा हार व्यहोर्नु पऱ्यो । खेलको २३ औं मिनेटमा एनआरटीका दिपेश आलेमगरले गोल गर्दै अग्रता दिलाए । डिबक्सभित्र क्रिथिस रत्न चुञ्जुको प्रहार बीरगञ्जका गोलरक्षक प्रमिजय गच्छदारले फर्काइदिएपछि मगरले फष्ट बार च्याप्दै बललाई जाली चुमाए । एनआरटीको अग्रता लामो समय टिक्न सकेन ।

बीरगञ्ज युनाइटेडका लागि खेलको २९ औं मिनेटमा विवेक चौधरीले डिबक्सभित्रबाट गरेको प्रहार गोलमा परिणत भएको थियो । बीरगञ्जका लागि कृगा चौधरीले फ्रिकिकमार्फत् दोस्रो हाफको ५० औं मिनेटमा दोस्रो गोल गरे । एनआरटीका डिफेन्डरले बीरगञ्जका फर्वाडलाई लडाएपछि पाएको फ्रिकिकलाई विवेकलाई सिधै पोष्टको दिशा दिएका थिए । बीरगञ्जका लागि तेस्रो र आफ्नो व्यक्तिगत दोस्रो गोल कृपा चौधरीले खेलको ७४ औं मिनेटमा गरे । सागर चौधरीको प्रहार रोकेपछि फर्किएको बललाई कृपाले सहजै गोल गरे ।

एनआरटीका फर्वाड लालनुन जामाले खेलको ७९ औं मिनेटमा गोल गर्दै खेल बराबरी गर्ने आशा जगाएका थिए । निर्धारित समय सकिन १० मिनेट बाँकी रहँदा एनआरटीले पाएको दुई राम्रा अबसरलाई सदुपयोग गर्न नसक्दा खेलबाट बाहिरिनु परेको छ । एनआरटीका क्रिथिसरत्न चुञ्जुले खाली पोष्टमा पनि गोल गर्न सकेनन् । बीरगञ्जका गोलरक्षक पोष्ट छोडेर डिबक्स लाइनमा पुगेको बेला चुञ्जुले प्रहार गरेको बल क्रस बार माथिबाट आकाशिएको थियो । खेलको म्यान अफ दी म्याच चुनिँदै दुई गोल गरका बीरगञ्जका कृगा चौधरीले नगद १० हजार रुपैयाँ हात पारे । गोल्डकपमा आज मंगलबार दिउँसो हिमालय शेर्पा क्लब र बागमती युवा क्लब सर्लाहीबीच हुनेछ ।

जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउनेछन् भने उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटरसाइकल पाउने छन् ।

# हेटौंडाका घरधनीलाई भाडा घटाउन अपिल

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ नेपाल घर बहाल उपभोक्ता संघ मकवानपुरले आर्थिक मन्दीले व्यवसायहरु चौपट बनेको भन्दै घरभाडा घटाइदिन अपिल गरेको छ ।

संघले सोमबार पत्रकार सम्मेलन गर्दै आर्थिक मन्दीका कारण व्यवसायमा परेको समस्यालाई मध्यनजर गर्दै व्यवसायिक घरभाडा घटाइदिएर सहयोग गरिदिन घर धनीहरुलाई अपिल गरेको हो । संघका अध्यक्ष समिरलाल डंगोलले घरधनीहरुले भाडा घटाइदिएर व्यवसायीहरुलाई सहयोग गर्नुपर्ने धारणा राखे । आर्थिक मन्दीका कारण व्यवसायीहरु डुब्ने खतरामा रहेको जनाइएको छ । डंगोलले घरधनी रहे व्यवसायी रहने र व्यवसाय रहेमा घरधनी रहने भन्दै समस्यामा हातेमालो गर्न आग्रह गरेका हुन् ।



उनले घरधनीहरुले व्यवसायीहरुलाई पारेको समस्याका बारेमा पनि आवाज उठाए । घर बहाल कर घरधनीले नै तिर्नुपर्नेमा व्यवसायीहरुलाई तिर्न लगाइएको अध्यक्ष डंगोलले गुनासो गरे । व्यवसायीहरुसँग निश्चित घरभाडा लिएर पनि ९९ प्रतिशत घरधनीहरुले व्यवसायीलाई नै घर बहाल कर तिर्न लगाएको उनको आरोप छ । व्यवसायीहरुले घरधनीसँग र कर तिर्ने निकाय हेटौंडा उपमहानगर पालिकासँग दुई वटा फरक-फरक भाडा राखेर सम्झौता गर्नुपर्ने बाध्यता रहेको डंगोल बताउँछन् । व्यवहारिक रुपमा ३० हजार भाडा तिर्न एउटा सम्झौता गर्नुपरेको र उपमहानगर पालिकालाई बुझाउँदा ५ हजार जति भाडा देखाएर सम्झौता गर्नुपरेको बताइएको छ ।

घरधनी र व्यवसायीहरु मिलेर राज्यको आम्दानीसमेत घटाइएको नेपाल घर बहाल उपभोक्ता महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष नवराज न्यौपाने बताउँछन् । न्यौपानेले आर्थिक मन्दीको बेलामा पनि घरधनीहरुले भाडा बृद्धि गरिरहेको बताए । संगठित रुपमा व्यापार व्यवसाय गर्नुभन्दा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालन गरिरहेकालाई घरधनीहरुले भाडा बढाएको न्यौपानेले बताए । उनले व्यवसायीहरु व्यापार नभएका कारण भाडा तिर्नसमेत नसक्ने स्थितिमा पुगेको बताए । सरकारको असमान कर प्रणालीकै कारण नागरिकलाई कर छल्न बाध्य बनाइएको उनको आरोप छ । न्यौपानेले २ प्रतिशत घर बहाल कर कायम हुनुपर्नेमा जोड दिए ।

# रेडियोको वार्षिकोत्सवमा सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, १ फागुन/ बिन्दावासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९. ६ मेघाहर्ज हेटौंडाको वार्षिकोत्सवको अवसरमा सरसफाई गरिएको छ ।

रेडियोले वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन सोमबार सरसफाई गरेको हो । रेडियोले १५ वर्ष पुरा गरी १६ औं वर्षमा प्रवेश गरेको अवसरमा साताव्यापी कार्यक्रमको पहिलो दिन रेडियो परिसर सरसफाई कार्यक्रममा हेटौंडा ४ का वडाध्यक्ष नविन सिग्देलले उद्घाटन गरेर शुरु गरेका थिए ।

साताव्यापी कार्यक्रमको पहिलो दिनको उद्घाटन गर्दै वडा अध्यक्ष सिग्देलले रेडियो थाहासञ्चारले १५ वर्ष पुरा गरेर १६ औं वर्षमा प्रवेश गरेको अवसरमा शुभकामनासमेत व्यक्त गरे । रेडियो थाहासञ्चारले रेडियो परिसरमा सरसफाई गर्नुका साथै अजरअमर रोडसमेत सरसफाई गरेको छ । यसैगरी कार्यक्रमको दोस्रो दिन मंगलवार फागुन २ गते विहान ११ बजे रेडियो परिसरमा श्रोता मिलन कार्यक्रम, फागुन ३ गते विहान ११ बजे सम्झनामा रुपचन्द्र विष्ट बिषयक अर्न्तक्रिया कार्यक्रम, ४ गते बृहत रक्तदान कार्यक्रम, फागुन ५ गते 'सवारी दुर्घटना र यातायात व्यवस्थापन' विषयक अन्तत्रिया कार्यक्रम, ६ गते मकवानपुरे सञ्चारकर्मी बिच घैंटो फुटाई खेल प्रतियोगिता हुनेछ भने अन्तिम दिन फागुन ७ गते पुरस्कार तथा प्रमाणपत्र वितरण, थाहा वर्ष सम्मान लगायत विविध कार्यक्रम गर्दै १६ औं बार्षिक उत्सब समापन समारोह हुने रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीले जानकारी दिए ।


## हार्दिक बधाई तथा शुभकामना



यस सहकारी संस्था लिमिटेडका संचालक समिति सदस्य **श्री बालगोपाल कँडेल** निर्माण व्यवसायी संघ मकवानपुरको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

डा.गणेशबल लामा (अध्यक्ष) एवम्

**दिव्यतारा बहुउद्देश्ययी सहकारी संस्था लि., परिवार**

हेटौंडा, मकवानपुर

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## VACANCY

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Nursing Incharge | Staff Nurse |
| | |
| Lab InCharge | Pharmacy Assistant |

Candidates should have the following requirements:

- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Bike/ Scooter liscense holder are preferd more.

Preference will be given to those candidates having experience in Medical Field..

**Qualification :**
Bachelors Level Completed are Preferred/Encouraged to apply

Interested candidates are required to send their applications with an updated profile/CV indicating respective vacancies to hospital.sancho@gmail.com

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176
**Sancho Hospital Pvt. Ltd.**

## फ्ल्याट भाडामा

हेटौंडाको कान्तिराजपथसँगै जोडिएको घरमा अफिसको लागि उपयुक्त हुने ६ कोठा सहितको फ्ल्याट भाडामा रहेको हुनाले भाडामा लिन इच्छुक मानभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५१०११२१४**

## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घाटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना